आज मिति २०७३ साल श्रावण ३१ गते सोमवार बिहान ८:०० बजे यस कीर्तिपुर नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री उद्धव प्रसाद रिजालको अध्यक्षतामा २४ औं बिशेष नगरपरिषद नगरपालिका कार्यालय भवन देवढोकामा वसी देहाय अनुसारको उपस्थिती र निर्णयहरु गरियो ।

**उपस्थिती :-**

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत | श्री उद्धव प्रसाद रिजाल | |
| २. | बरिष्ठ लेखा अधिकृत | श्री सानुबाबु परियार | |
| ३. | ईन्जिनियर | श्री बालकृष्ण महर्जन | |
| ४. | ईन्जिनियर | श्री कृष्णभोला महर्जन | |
| ५. | शाखा अधिकृत | श्री सुजिन्द्र महर्जन | |
| ६. | शाखा अधिकृत | श्री अनुज प्रधान | |
| ७. | शाखा अधिकृत | श्री जनक थापा | |
| ८. | लेखा अधिकृत | श्री नरेन्द्र महर्जन | |
| ९. | ईन्जिनियर | श्री हेमराज शाही | |
| १०. | ईन्जिनियर | श्री सुरज ओझा | |
| ११. | कम्प्युटर अपरेटर | श्री चन्द्रमाया महर्जन | |
| १२. | जु.ई. | श्री रविन प्रसाद फैजू | |
| १३. | जु.ई. | श्री राजु महर्जन | |
| १४. | स्थानीय पंजिकाधिकारी | श्री शारदा पोखरेल | |
| १५. | खरिदार | श्री काजीराम मालाकार | |
| १६. | खरिदार | श्री ज्ञानबज्र महर्जन | |
| १७. | खरिदार | श्री बालकृष्ण बास्कोटा | |
| १८. | खरिदार | श्री राजेश महर्जन | |
| १९. | खरिदार | श्री दिपक महर्जन | |
| २०. | खरिदार | श्री राजकपुर श्रेष्ठ | |
| २१. | खरिदार | श्री सृजना महर्जन | |
| २२. | खरिदार | श्री महेन्द्र काजी श्रेष्ठ | |
| २३. | खरिदार | श्री बिष्णुहरी बस्नेत | |
| २४. | सूचना तथा प्रविधि स्वयंसेवक | श्री परशुराम चौलागांई | |

**निर्णय नं. १ :-**

यस कीर्तिपुर नगरपालिकाको आगामि आर्थिक वर्ष २०७३/०७४ को लागि प्रस्ताव गरिएको (संशोधन सहित) रु. ४४,९६,४७,२००।०० ( अक्षरुपी :- रु चवालीस करोड छयानब्बे लाख सठ्चालिस हजार दुई सय मात्र) को अनुमानित आय-व्यय (बजेट), वार्षिक योजना तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो । (यसको विस्तृत विवरण अनुसुची १ पछाडी पानामा टाँस गरिएको छ)

**निर्णय नं. २ :-**

यस कीर्तिपुर नगरपालिकाको गत आ.ब. ०७२/०७३ को यथार्थ आय-व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :-**

नगरपालिका क्षेत्र भित्र परम्परागत डाँछी ईटा, सँझ्या, तिकीझ्या राखी निर्माण भैरहेका र हुने घरहरुलाई अगाडिको भागको क्षेत्रफललाई प्रति व.फि.रु. ५०।- (अक्षरुपी रु पचास मात्र) का दरले नगद अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

गत आ.ब. ०७२/०७३ मा भुकम्पपिडितले भवन निर्माणको लागि नक्सापास गर्दा साविक स्थानमा घर बनाउँदा नक्सापास दस्तुरको ६०% का दरले छुट दिइदै आएकोमा मिति २०७३ साल श्रावण १ गते देखि भुकम्प पिडितले भुकम्पले भत्केको घरको भग्नावशेष हटाई सो को सम्वन्धित वडा कार्यालयबाट सिफारिस भै आएमा अन्यत्र घर बनाउँदा समेत उक्त सुबिधा उलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

चालू आ.व. ०७३/०७४ मा उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरु २०७३ आश्विन मसान्तभित्र सम्झौता गर्ने तथा बजेट खर्च नहुने परम्परालाई निरुत्साहित गर्न र उक्त अवधिमा सम्झौता हुन नसकेका आयोजनाहरु बोर्ड बैठकबाट निर्णय गरी अन्य तरिकाबाट कार्यान्वयन गराउने वा सो बजेट समेत राखी छुट्टै आयोजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

मागमा आधारित आयोजना (अनडिमाण्ड) कार्यान्वयन गर्दा सडक र ढल निर्माण, स्तरोन्नति र सुधारलाई पहिलो प्राथमिकता दिने । रिटेनिंग वाल लगाउने र पिच गर्ने सडकका हकमा बाटोको मापदण्ड अनिवार्यरुपमा पालना गराउने निर्णय गरियो । साथै मापदण्ड कार्यान्वयन गर्न रिटेनिङ्ग वाल लगाउँदा र सो सडक पिच गर्दा उपभोक्ता समितिबाट ब्यहोरिने ३० प्रतिशत नगद लागत सहभागिताको सट्टा १५ प्रतिशत नगद लागत र १५ प्रतिशत जनश्रमदानमा कार्यान्वयन गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

यस नगरपालिकाको चालु आ.ब. २०७३/०७४ को संशोधित बार्षिक कार्य योजना तथा बार्षिक खरिद योजना पारित गर्ने ।

**निर्णय नं. ८ :-**

साँस्कृतिक नगरको पहिचान बोकेको कीर्तिपुरमा रहेका परम्परागत मठ मन्दिर पाटी पौवा निर्माणमा उपभोक्तालाई प्रोत्साहन गर्न उपभोक्ता समितिबाट निर्माण, पूननिर्माण गर्दा व्यहोरिने ३० प्रतिशत नगद लागत सहभागिताको सट्टा १५ प्रतिशत नगद लागत र १५ प्रतिशत जनश्रमदानमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-**

परम्परागत घनाबस्ती (कोर एरिया) मा बाटो विस्तार गर्न सहज पुगोस भन्ने उद्देश्यले सानातिना एरियाहरु बाटोमा गाभ्न जग्गाधनी मञ्जुर भएमा उक्त जग्गाको क्षतिपूर्ति स्वरुप मालपोत मूल्यांकनमा आधारित रहेर नगरपालिकाबाट क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :-**

यस कीर्तिपुर नगरपालिकाबाट विभिन्न पत्रपत्रिकाहरुमा विज्ञापन उपलब्ध गराउँदा देहाय बमोजिम विज्ञापन खर्च रकम उपलब्ध गराउने निर्णय गरियो ।

(क) स्थानीय स्तरको पत्रिका : रु. एक हजार सम्म नबढ्ने गरी

(ख) राष्ट्रिय स्तरको पत्रिका रु. एक हजार पाँच सय सम्म नवढ्ने गरी

(ग) २४ पेजभन्दा बढीको बुक आकारमा निस्कने प्रकाशन : रु. दुई हजार सम्म नबढ्ने गरी

**निर्णय नं. ११ :-**

नगर क्षेत्र भित्रका विद्यालय र स्वास्थ्य केन्द्र/उपकेन्द्रहरुलाई रणनीतिक सुधार योजना (SIP) मा आधारित भएर सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ :-**

यस कीर्तिपुर नगरपालिकाको भवन निर्माणको लागि नक्सा पास गर्दा देहाय बमोजिम नक्सा पास शुल्क लगाउने निर्णय गरियो ।

(क) टहरा, ग वर्ग (आवासीय भवन) को हकमा : प्रति व.फि. रु. १०।- (दश मात्र)

(ख) ग वर्ग (संस्थागत, व्यापारिक) को भवन र ख तथा क वर्गका भवनको हकमा : प्रति व.फि. रु. २० (बिस मात्र)

**निर्णय नं. १३ :-**

नक्सा नामसारी गर्दा एकाघरको हकमा रु. ५००।- (पाँच सय मात्र) र अन्यको हकमा नक्सा पास गर्दा तिरेको दस्तुरको २५ प्रतिशतले हुन आउने रकम लिने निर्णय गरियो ।

**निर्णय नं. १४ :-**

नगरपालिका कार्यालयबाट अंग्रेजी ट्रान्सलेसन गर्दा लिदै आएको प्रति पाना दस्तुरलाई रु.२००।- (दुइ सय) मात्र कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ :-**

नगरपालिकामा विषयगत समितिको परिचालन उपभोक्ताको जागरुकता, योजनाको प्रभावकारि कार्यान्वयन, भुकम्प पछिको पुनर्निमार्ण लगाएतका विकासात्मक गतिविधिमा अतिरिक्त समय खटिनुपर्ने हुँदा कार्यकारी अधिकृतलाई हाल पाइआएको १७ प्रतिशत लाई बृद्धि गरि पचास प्रतिशत  पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं. १६ :-**

यस नगरपालिकाको गत आ.ब. ०७२/०७३ मा सम्पन्न भई बिभिन्न मितिमा बसेको नगरपालिका बोर्ड बैंठकको निर्णयहरुबाट फरफारक गरी अन्तिम भुक्तानी भएका विभिन्न योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :-**

यस नगरपालिकाको भवन तथा वाटो सम्वन्धि मापदण्ड, २०७२ मा कोर एरिया थप गर्ने तथा कोर एरियाको मापदण्ड तय गर्न सुझाव दिन नगरपालिकाले एक समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :-**

कार्यालय समय वाहेकको समयमा सहभागि हुने विभिन्न विषयगत समिति, अनुगमन संयन्त्र तथा समुदायस्तरमा हुने अन्य बैठकमा नगरप्रमुखको हैसियतबाट सहभागि हुँदा नियमानुसार बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९ :-**

नगरपालिमा विषयगत समितिको परिचालन उपभोक्ताको जागरुक, योजनाको प्रभावकारि कार्यान्वयन, भुकम्प पछिको पुन निमार्ण लगाएतका विकासात्मक गतिविधिको प्रभावकारि कार्यान्वयन गर्न छोटो अवधिका लागि वोर्डमा निर्णय गराई आवश्यक प्राविधिक कमर्चारी तथा संस्थासंग जनशक्ति करारमा लिने निर्णय गरियो ।

**निर्णय नं. २०**

सामुदायक भवनको संचालन, व्यवस्थापनलाई प्रभावकारि वनाउन अध्ययन गरि आगामी परिषदवाट आवश्यक नितिगत व्यवस्था मिलाउनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

चालु आ.ब. ०७३/०७४ मा यस नगरक्षेत्र भित्र व्यापार व्यवसायको व्यवसाय कर तथा घर बहाल कर संकलनका लागि कर टोली खटाउने, त्यसरी खटिएका टोलीले संकलन गरेको राजश्व रकमको ५% प्रोत्साहन स्वरुप टोलीलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस नगरपालिकामा विभिन्न कामको सिलसिलामा हालसम्म फछ्र्यौट हुन बाँकी रहेका पेश्की सार्वजनिक गरी पेश्की फछ्र्यौट कार्यलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं. २३**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका ६५ बर्ष उमेर पुगेका बृद्ध बृद्धाहरु र ५ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई कीर्तिपुर हस्पितलमा स्वास्थ्य जाँच गराउँदा रु ५००।- (पाँच सय मात्र) रकम सहयोग स्वरुप कीर्तिपुर हस्पिटललाई स्वास्थ्य जाँच खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४**

यस नगरपरिषदले निर्णय लिएका बिषयहरु यसै बमोजिम कार्यान्वयन हुने र अन्य बिषयका हकमा नगरपालिकाको ०७३/०७४ को लागि सम्पन्न २२ औं नगरपरिषदबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।